**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs    Date:29.01.2026**

---

***मन्त्री भुटिया***

मन्त्रीले एयरलाइन्स, विमानस्थल विकासकर्ताहरू र उड्डयन सेवा प्रदायकहरूका प्रमुख सरोकारवालाहरुसँग अन्तिम-माइल हवाई सम्पर्क बढाउन, हेलीपोर्ट र हेलिकप्टर सेवाहरूलाई सुदृढ पार्न र सिक्किम जस्ता दुर्गम र पहाडी क्षेत्रहरूमा पहुँच सुधार गर्ने अवसरहरू खोज्दै छलफल गर्नुभयो। सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङको दृष्टिकोण अनुसार राज्यको नाजुक हिमालयी पारिस्थितिक प्रणालीलाई संरक्षण गर्दै सिक्किमलाई सुगम्य, पर्यावरणीय रूपमा संवेदनशील र अति लोकप्रिय पर्यटन गन्तव्यको रूपमा स्थापित गर्ने, सन्तुलित लक्ष्य राखिएको छ। राज्यभर पर्यटन प्रवर्द्धन, आर्थिक विकास र बृद्धि भएको सम्पर्क सञ्जालको लागि नागरिक उड्डयनलाई एक प्रमुख सक्षमकर्ताको रूपमा उपयोग गर्न सकियोस् भनि सिक्किम सरकार / नागरिक उड्डयन मन्त्रालय, भारत सरकार र उद्योग सरोकारवालाहरूसँग मिलेर काम गर्न प्रतिबद्ध छ।

मन्त्री भुटियाले हैदराबादमा विंग्स इन्डियामा भाग लिए सिक्किम सरकारका पर्यटन तथा नागरिक उड्डयन विभागका मन्त्री टीटी भुटियाले हिजो बेगमपेट विमानस्थल हैदराबादमा एशियाको सबैभन्दा ठूलो नागरिक उड्डयन प्रदर्शनी र सम्मेलन विंग्स इन्डियामा भाग लिनुभयो। यो द्विवार्षिक कार्यक्रमले नीति निर्माताहरू, उड्डयन नियामकहरू, एयरलाइन्सहरू, विमान निर्माताहरू, विमानस्थल सञ्चालकहरू, लगानीकर्ताहरू, स्टार्टअपहरू र अन्तर्राष्ट्रिय प्रतिनिधिमण्डलहरुलाई नागरिक उड्डयनको भविष्यको बारे छलफल गर्न एकसाथ ल्याउने विश्वव्यापी प्लेटफर्मको रूपमा काम गर्दछ।

कार्यक्रमको क्रममा, श्री भुटियाले क्षेत्रीय हवाई सम्पर्क, दिगो उड्डयन, विमानस्थल विकास, उन्नत हवाई गतिशीलता र उड्डयन-नेतृत्व पर्यटन वृद्धिमा केन्द्रित उच्च-स्तरीय नीति संवाद, अन्तरक्रियात्मक सत्रहरू र B2B/B2G बैठकहरूमा भाग लिनुभयो।

---

***NAPS सम्बन्धी एक दिने कार्यशाला***

राष्ट्रिय प्रशिक्षुता प्रवर्द्धन योजना, NAPS अन्तर्गत सिक्किम सरकारको सीप विकास विभाग, नियुक्ति केन्द्रले आज रम्फूको बरदाङस्थित उन्नत प्राविधिक प्रशिक्षण केन्द्रमा "पूर्वोत्तर क्षेत्रमा प्रशिक्षुता उन्नतीकरण" शीर्षकको विशेष पाइलट पहल सम्बन्धी एक दिने जागरूकता कार्यशाला आयोजना गर्यो।

नियुक्ति केन्द्र, सीप विकास विभागकी सहसचिव सुष्मा प्रधानले प्रशिक्षुता प्रशिक्षण पारिस्थितिकी तंत्र र प्रशिक्षुता ऐन, 1961 को ढाँचा र दण्डका प्रावधानहरू प्रकाश पार्दै राष्ट्रिय प्रशिक्षुता प्रवर्द्धन योजना सम्बन्धी एक प्राविधिक सत्र सञ्चालन गर्नुभयो।

NAPS पोर्टलको दर्ता र प्रयोगको बारेमा व्यावहारिक मार्गदर्शन प्रदान गर्दै प्रतिष्ठानहरूको लागि एक व्यावहारिक सत्र पनि सञ्चालन गरिएको थियो।

---

***सम्दुप लेप्चाले तारम छु पुलको निरीक्षण गरे***

समाज कल्याण विभागका मन्त्री साम्दुप लेप्चाले आज तारम छु पुलको निर्माण स्थलको निरीक्षण गर्दै चलिरहेको कामको प्रगतिको समीक्षा गर्नुभयो। लाचेन गाउँलाई यस क्षेत्रका अन्य भागहरूसँग जोडेकोले यो पुल एक महत्तवपूर्ण पूर्वाधार परियोजना हो।

सीमा सड़क संगठन, जनरल रिजर्भ इन्जिनियरिङ बलका आधिकारीहरूले आगामी 15 देखि 20 दिन भित्र फलामको पुल, पूर्ण रूपमा जड़ान हुने जानकारी दिएका छन्।

---

***<u>सि बि सि र पि आई बि गान्तोक</u>***

केन्द्रीय सञ्चार ब्यूरो र पि आई बि गान्तोकले सिक्किम सरकारको ग्रामीण विकास विभागसँगको सहकार्यमा आज गान्तोकमा रोजगार अजीविका ग्रामीण मिशन को लागि विक्सित भारत ग्यारेन्टी सम्बन्धी वार्तालाप नामक मिडिया सञ्चार कार्यक्रम आयोजना गऱ्यो।

कार्यक्रममा वि बि जि राम जि का विशेष सचिव तथा परियोजना निर्देशक छिरिङ लाचुङपा, सिक्किम सरकारको सूचना तथा जनसम्पर्क विभागकी विशेष सचिव अनिता सुब्बा, दूरदर्शन र आकाशवाणी गान्तोकका क्लस्टर प्रमुख नीरज कुमार पाण्डे उपस्थित हुनुहुन्थ्यो।

कार्यक्रममा वि बि जि राम जि, पि एम विकसित भारत रोजगार योजना, पि एम बीमा योजना आदि सम्बन्धी सत्रहरू थिए। केन्द्र र राज्य सरकारका 36 जना पत्रकार, अधिकतारीहरूको कार्यक्रममा प्रनिधित्व थियो।

---

***<u>बेटी बचाओ बेटी पढ़ाओ गेजिंग जिल्ला</u>***

बेटी बचाओ बेटी अढाओ पहल अन्तर्गत, महिला सशक्तिकरणको लागि जिल्ला केन्द्र, महिला, बाल, वरिष्ठ नागरिक, दिब्यांगजन कल्याण विभाग, सिक्किम सरकारको तर्फबाट आज गेजिमह जिल्लाको लाङगाङ ग्राम पञ्चायत एकाइमा यौन अपराधबाट बालबालिकाको संरक्षण ऐन र महिला तथा बालबालिकाको लागि प्रमुख सुरक्षा तथा गुनासो निवारण संयन्त्र सम्बन्धी जागरूकता कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रमको उद्देश्य, महिला तथा बालबालिकाको लागि सुरक्षित वातावरण सुनिश्चित गर्न बाल संरक्षण कानून, कानुनी अधिकार र उपलब्ध सहयोग प्रणालीहरूको बारेमा सामुदायिक जागरूकतालाई सुदृढ़ पार्नु थियो।

---